# ३. मण्डलीमा अधिकार

## क. मुख्य पदहरु

हिब्रू १३:७, १७
१पत्रस ५:१-५
१तिमोथी ५:१७
रोमी १३:१-७
एफिसी ४:७-१६
रोमी १२:४-८
१तिमोथी ३:१-१३
१थेस्स ५:१२-१३

## ख. परिचय

म मेरो मण्डली बनाउनेछु भनेर येशूले भन्नुभएको थियो (मत्ती १६:१८). येशू ख्रीष्टले यी मानिसहरुलाई मण्डलीमा अगुवाका रुपमा बरदान दिने इच्छा गर्नुभएको छ भन्ने तथ्यमाथि पावलले प्रकाश पारेका छन् -
*"कि ख्रीष्टको शरीर निर्माण होस र सेवाको काम गर्न सन्तहरु सुसज्जित होउन्, जबसम्म हामी सबैले विश्वासको र परमेश्वरको पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौ, र परिपक्व मानिस बनी ख्रीष्टमा पूर्णताको नापसम्म पुग्दैनौ."* (एफिसी ४:१२-१३).
परमेश्वरले त्यस्ता मानिसहरुलाई मण्डलीको सेवक हुन दिनुभयो

- विश्वासीहरुलाई परमेश्वरको राज्यमा सेवा गर्नको लागि तयार पार्न.
- संख्यात्मक र गुणात्मक रुपमा मण्डली वृद्धि गराउन
- व्यक्तिगत र सामूहिक रुपमा बिश्वासीहरुलाई परिपक्वतामा डोर्‍याउन
- मण्डलीलाई विश्वासको एकतामा बाँध्न

अगुवाहरु जस्ता छन् अनि तिनीहरु जहाँ जान्छन् मण्डली पनि त्यतै जान्छ. मण्डली चलाउन र यसले पृथ्वीमा परमेश्वरको उद्देश्य प्राप्त गर्न उहाँले (मण्डलीमा) नेतृत्वको व्यवस्था गर्नुभएको हो. परमेश्वरको निम्ति यो उद्देश्य प्राप्त गर्न मण्डलीमा विभिन्न किसिमका बरदानहरुको आवश्यकता छ. कुनैपनि अगुवाले यो आफ्नै प्रयत्नमा गर्न सक्दैन चाहे त्यो स्थानीय मण्डली भित्रै किन नहोस. आफ्नो संरक्षणमा भएकाहरुलाई अगुवाहरुले त्यस्तो ठाउँमा ल्याउनुपर्छ जहाँ तलका कुराहरु पूरा हुन सम्भव भएको होस-

१. *तिनीहरु*

- जिम्मेवार, चिन्ता नगर्ने, एक अर्काको साथ दिने
- शान्त, प्रतिबद्ध, एकैनासको र आनन्दपूर्ण
- परमेश्वरको वचनमा निरन्तर लागिरहने
- ख्रीष्टमा सिद्ध र पूर्ण भएका
- हरेक किसिमले ख्रीष्टमा वृद्धि भइरहने, विचारहरुमा एक हुँदै मेल मिलापमा रहने ताकि प्रत्येक व्यक्तिलाई आफ्नो स्थान र वरदानहरुको बारेमा ज्ञान भएको होस.

२. ***निम्न कुराहरु अब अगुवाले गर्नुहुँदैन***

- केटाकेटी, आफ्नो इच्छाले चल्ने र अरुले खुवाइदिनुपर्ने.
- आत्मिक जीवनको एउटै खुडकिलोमा अड्किरहने.
- अस्थीर स्वभाव, प्रत्येक आवेग वा झोंकमा चल्ने.
- हरेक किसिमका शिक्षाबाट सजिलै प्रभावित हुने.

## ग. आत्मिक अधिकार र समर्पण

१. **येशू ख्रीष्ट प्रभु हुनुहुन्छ र उहाँ मण्डलीको शिर हुनुहुन्छ** (एफिसी १:२२-२३)
स्वर्ग र पृथ्वीका सबै अधिकारहरु परमेश्वरले येशूलाई दिनुभएको छ (मत्ती २८:१८). अनि येशूले आफ्नो अधिकार मण्डलीमा आत्मिक रुपले योग्य अगुवाहरुमा अधिकार प्रत्यायोजन गर्नु (सुम्पनु) भएको छ. यी अगुवाहरुमा निहित कुनैपनि अधिकारहरु तिनीहरुलाई कसैले दिएको छ त्यसकारण मण्डलीमा तिनीहरुले बगालमाथि प्रभुत्व देखाउने नभएर उदाहरण भएर सेवक जस्तै काम गर्नुपर्छ (१पत्रस ५:१-३).

२. **हाम्रा अगुवाहरुको आज्ञा पालन गर्न र तिनीहरुमा समर्पित हुन परमेश्वरले हामीलाई भन्नुभएको छ** (हिब्रू १३:१७, १तिमोथी ५:१७)
हाम्रा अगुवाहरुले जेसुकै भनेपनि हामीले मान्नुपर्ने बाध्यता वा कष्टपूर्ण समर्पण यसको अर्थ होइन. तर यो त परमेश्वरको सामून्ने अगुवाहरुको स्थानको स्वीकारोक्तिबाट उत्पन्न साँचो आदरभक्तिबाट आएको छ. आफू जिम्मेवार भएको मण्डलीप्रति अगुवाहरुमा साँचो प्रेम र वास्ता हुनुपर्दछ. सर्वोपरी हीत हुने कुरामा तिनीहरुले मण्डलीलाई अगुवाई गर्नुपर्दछ. मण्डलीमा विश्वासीहरुले आफ्नो अगुवाको नेतृत्वलाई सुनेर त्यस अनुसार

गर्नुपर्दछ किनभने तिनीहरुमा परमेश्वरको बचनप्रतिको समर्पणतालाई विश्वासीहरुले सुन्छन् र त्यसलाई चिन्दछन्.

३. **समर्पणता दासत्वको पहिचान होइन तर हृदयको लगन हो**

समर्पण गर्नु अगुवाहरुको निर्देशन, सुरक्षा र जिम्मेवारीमुनि आफूलाई स्वेच्छापूर्वक सुम्पनु हो. मण्डलीका सदस्यहरुलाई जबर्जस्ती केही कुरा गराउन सकिदैन. तथापि जब एउटा अगुवाको साँचो नेतृत्वलाई स्वीकारिन्छ उसको अधिकार अन्तर्गत उसमा विश्वासीहरुले समर्पण जनाउछन्. यो समर्पणताले ठूलो आशिष ल्याउंछ किनभने अधिकारीहरुमा स्वेच्छाले समर्पित हुनेहरुलाई नै अधिकार प्रदान गरीन्छ.

## घ. तपाईं आफ्नो अगुवाहरु के होउन् भन्ने आशा गर्नुहुन्छ ?

- अगुवाहरु परमेश्वरको बचनको शिक्षा दिने, प्रचार गर्ने र त्यसै मुताबिक जिउने व्यक्तिहरु हुनुपर्छ (एज्रा ७:१०). वास्तवमा तिनीहरुको जीवन र सेवकाईमा परमेश्वरको वचन नै तिनीहरुमा हुने एकमात्र अधिकार हो (प्रेरित २०:२८).
- त्यस्ता मानिसहरु जसको जीवनशैली सफल, धार्मिक र अनुकरणीय होस (१तिमोथी ३:२-५).
- विश्वासका जन हुनुपर्छ. यी मानिसहरुको परमेश्वरमा भएको विश्वास अनुकरणीय छ जसले मण्डलीलाई तिनीहरुमा आस्था राख्न र पछ्याउन मदत गर्दछ. भेंडा रहितको व्यक्ति गोठालो हुनसक्दैन (१ थेस्स १:६; फिलिप्पी ३:१७).
- आफू अन्तर्गतका मानिसहरुमाथि सुरक्षापूर्ण दृष्टिपात गर्दछ र परमेश्वरमा तिनीहरुको कल्याण र प्रगतिको निम्ति आफैंलाई जिम्मेवार ठान्दछ (१पत्रस ५:२-३).

## ङ. अगुबाहरुको सान्दर्भिकतामा येशूले मण्डलीबाट के आशा गर्नुहुन्छ ?

- तिनीहरुले परमेश्वरको बचन आफ्ना अगुवाहरुबाट सुनेको र त्यसलाई व्यक्तिगत अनि गम्भीरतापूर्वक स्वीकार गरेको (रोमी १०:१५-१७; १ थेस्स २:१३).
- आफ्नो अगुबाहरुको अनुकरण गरेको (१ थेस्स १:६).

- आफ्ना अगुवाहरुको अधिकारमा आफैंलाई विनम्रतापूर्वक समर्पण गर्ने र आज्ञाकारी हुने. यसले मण्डलीको हीतमा काम गर्नेछ किनभने प्रत्येक व्यक्तिका निम्ति मण्डली व्यवस्थामा ऊ जिउनेछ. सर्वप्रथम त सबै नेतृत्वहरु परमेश्वरले नै खडा गर्नुहुन्छ (रोमी १३:१-५) त्यसकारण परमेश्वरले हामीमा शासन गर्न खडा गर्नुभएको अगुवाहरुको अधीनमा समर्पित भयौं भने वास्तवमा हामी परमेश्वरमा नै समर्पित भएका हुन्छौं. सबै अधिकारहरु परमेश्वरमा छ. उहाँले यसलाई अरुलाई प्रतिनिधित्व गर्न दिनुभएको मात्र हो. जब उहाँले नेतृत्व तयार पार्नुहुन्छ र जसलाई आफ्नो अधिकार प्रत्यायोजन गर्नुभएको छ परमेश्वरको आज्ञा मानेजस्तै हामीले अगुवाहरुको पनि आज्ञा मान्नुपर्छ. हाम्रो जिम्मेवारी वहन गर्नेहरुले हामीमा आनन्द मनाउन सकून तर हामी उनीहरुका निम्ति बोझ बन्नुहुन्न. यसो गर्न हामी उनीहरुको अधिकारलाई स्वीकार गर्दै समर्पित जीवन सरलतामा जिएमा मात्र यो सम्भव हुनसक्छ (१पत्रस ५:५-६)
- केहीगरी अधिकारी तथा अगुवाहरुले परमेश्वरले हाम्रो निम्ति चाहनु भएकोभन्दा विपरीत गर्न अन्हाएमा त्यसबखत हामीले अझ उच्च अधिकारी अर्थात परमेश्वर र उहाँको वचनको पालना गर्नुपर्छ.
- विश्वासीहरुले आफ्ना अगुवाहरुलाई न्यानो हृदयले अभिवादन गर्नुपर्छ ताकि तिनीहरुले आफूलाई (मण्डलीले) रुचाएको र प्रेम गरेको अनुभव गर्न सकून्. आफ्नो अगुवाहरुको कदर गर्नुहोस् र तिनीहरुलाई दिनुपर्ने आवश्यक आदर र सन्मान प्रदान गर्नुहोस् (१ थेस्स ५:१२-१३).

*"आफ्ना अगुवाहरुको सम्झना राख जसले परमेश्वरको वचन तिमीहरुलाई सुनाए. तिनीहरुको जीवनको परिणामलाई ध्यान देओ, र तिनीहरुका विश्वासको अनुकरण गर. तिमीहरुका अगुवाहरुको आज्ञापालन गर र तिनीहरुको अधीनमा बस. किनकि लेखा दिनुपर्छ भन्ने कुरा जानेर नै तिनीहरुले तिमीहरुका प्राणको हेरचाहा गर्छन्. यो काम तिनीहरुले आनन्दसाथ गरुन्. दु:ख मानेर होइन, नत्रता त्यसबाट तिमीहरुलाई कुनै लाभ हुनेछैन* (हिब्रू १३:७, १७).

## च. अगुवाहरुको जिम्मेवारी


अगुवाहरुको ठूलो जिम्मेवारी हुन्छ (याकूब ३:१; एजकिएल ३३:६; हिब्रू १३:१७). हरेक बगाललाई गोठालोको आवश्यकता हुन्छ (गन्ती २७:१६-१७) र उसलाई आफ्ना बगाललाई कसरी नेतृत्व गर्ने र चलाउने सो को

ज्ञान हुनुपर्छ ((उत्पत्ति ३३:१३-१४). गोठालाहरुले आजको सन्दर्भमा परमेश्वरले भन्नुभएको सत्यलाई थाहा पाउनैपर्दछ. त्यसो भयो भने आफ्ना बगाललाई तिनीहरुले परमेश्वरको योजना र उद्देश्यहरुमा डोऱ्याउन सक्छन्.

*निम्न कुराहरु गोठालाहरुले गर्नै पर्छ*

- आक्रमणबाट आफ्नो बगाललाई सुरक्षित राख्नुपर्छ. ब्वाँसो (शैतान) ले सदस्यहरुलाई झुक्याएर बगालदेखि एक्ल्याउन खोज्छ तर आफ्नो भेंडाको रक्षार्थ गोठाला त्यहाँ हुनुपर्छ.
- मण्डलीको शिर येशूका तर्फबाट अधिकार र अनुशासन प्रदान गर्ने (जुटाउने).
- आफ्ना भेंडाहरुलाई ठीक-ठाक राख्ने ताकि तिनीहरुको एक अर्कासित र परमेश्वरसित पनि सम्बन्ध ठीक भएको होस. मण्डलीलाई त्यस्ता क्रिश्चियनहरुको खांचो छ जो घमण्ड, मै हुं भन्ने बानी, स्वतन्त्र, नीचता, निस्सारता आदि त्यागेर अविभाजित रुपमा बफादार छन्.

# परमेश्वरको राज्यमा श्रेणीवद्ध अधिकारीहरु



ज. प्रश्नहरु र छलफलका बुँदाहरु

१. सर्वोच्च अधिकारी को हो : परमेश्वर कि प्रतिनिध्त्व गर्ने अधिकारी ? त्यसकारण यदि केहीगरी यी दुई अधिकारी बीचमा विरोधाभास भयो भने कसको कुरा मान्ने ?

२. खीष्टको देहमा अरुलाई शिक्षा दिन र तिनीहरुको सेवा गर्न हामी इच्छुक हुनुपर्छ (याकूब ३:१) र यी कुराहरु गर्दा हाम्रो मनोवृत्ति कस्तो हुनुपर्छ ? (१पत्रस ४:११).

३. तपाईंको स्थानीय मण्डलीमा कोही सजिलैसित समर्पित हुन्छन् र अगुवालाई पछ्याउंछन् अनि कतिको निम्ति यसो गर्नु सायद अलि कठीन हुन्छ होला. यसबारेमा छलफल गर्नुहोस्. तपाईंमा परिवर्तन हुन बाँकी रहेको आफ्ना अगुवाहरुप्रति त्यस्तो कुनै गुनासो छ ?

४. कसैको अधिकारमुनि रहेकाहरुले पनि आफ्नो अधिकारमा अरुहरु भएको पाउंदछन् (मत्ती ८:५-१३).

५. यदि तपाईं नेतृत्वको चाहना गर्नुहुन्छ भने १ तिमोथी ४:१२ मा वर्णन गरिएको उदाहरणलाई तपाईंले आफ्नो जीवनमा कायम गर्नुपर्दछ.

६. के तपाई व्यक्तिगत रुपमा आफ्ना अगुवाहरुले भनेको कुरालाई गम्भीरताकासाथ लिनुहुन्छ ? कि कसो ?

७. आफ्नो अगुवाहरुको अधिकार र उदाहरणलाई तपाईंले स्वाभाविक र विनम्र तबरले लिनुहुन्छ कि लिनुहुन्न ? त्यसरी नलिनुभएको भए किन लिनुहुन्न ?

८. परमेश्वरसितको तपाईंको आफ्नो चाल चलनको निम्ति उहाँले तपाईंलाई जिम्मेवार ठान्नुहुन्छ कि ठान्नुहुन्न ? तपाईंको अगुवाहरुले तपाईंको निम्ति सबै निर्णयहरु गर्ने हो कि ?

९. आफ्नो अगुवाहरुको कदर गर्ने, तिनीहरुको आदर गर्ने र तिनीहरुका परिवारको निम्ति तपाईं प्रार्थना गर्ने गर्नुहुन्छ ?

१०. तपाईंको अगुवाहरुको निम्ति तपाईं आनन्दको कारण हुनुहुन्छ कि बोझको रुपमा हुनुहुन्छ ?

११. बगाललाई चलाउनु र नेतृत्व गर्नु बीचमा के अन्तर छ ?

१२. आवश्यक परेका बेलामा सदस्यहरुलाई धार्मिक (उचित) सुधार र अनुशासन ल्याउन इच्छुक अगुवाहरुको खांचो खीष्टको देह (मण्डली) मा छ कि ?

झ. सारांश र प्रयोग

१. येशू मण्डलीको शिर हुनुहुन्छ र यसद्वारा उहाँ काम गर्ने उद्देश्य राख्नुहुन्छ किनभने पृथ्वीमा मण्डली उहाँको शिर हो. त्यसकारण हामीले उहाँको नेतृत्व र उहाँको प्रतिनिधित्व गर्नेहरुका अधीनतालाई स्वीकार गर्नुपर्छ.

२. येशूका निम्ति सबै अगुवाहरु खीष्टको देहका सेवकहरु हुनुपर्छ.

३. आफ्नो अधिकारको प्रतिनिधित्व गर्न, उहाँको जीवन र सेवकाई झल्काउन येशूले मण्डलीमा अगुवाहरु नियु  गर्नुहुन्छ.

४. परमेश्वरको मण्डलीका सदस्यहरु आफूहरु परमेश्वरको सामून्ने जिम्मेवार अगुवाहरुप्रति समर्पित र बफादार हुनुपर्छ.

५. मण्डलीका अगुवाहरुले यसलाई संख्यात्मक र गुणात्मक बृद्धितर्फ डोऱ्याउनुपर्छ.

६. जब हामी इश्वरीय नेतृत्वप्रति समर्पित हुन्छौं त्यतिबेला हामी शैतानबाट सुरक्षित हुन्छौं किनभने हाम्रो निम्ति अगुवाहरु आत्मिक सुरक्षा-कवच हुनेछन्.

७. येशूको चेलाहरुको नाताले हामी परमेश्वर र उहाँको प्रतिनिधित्व गर्नेहरुका पछाडि लाग्नुपर्छ तथा उहाँको निर्देशनमा अगाडि बढनुपर्छ. यसरी हामी परमेश्वरको राज्य बढाउन र उहाँको महिमा गर्न सक्नेछौं.